# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६९) काठमाडौं, असार ३१ गते, २०७६ साल (अतिरिक्ताङ्क ७

# भाग ५

## नेपाल सरकार

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको

## सूचना

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा ७ को उपदफा (१) बमोजिम सामाजिक सुरक्षा कोषमा गर्नु पर्ने योगदानको दर देहाय बमोजिम निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(१) श्रमिकको योगदानको दर निजको आधारभूत पारिश्रमिकको एघार प्रतिशत,

(२) रोजगारदाताको योगदानको दर श्रमिकको आधारभूत पारिश्रमिकको बीस प्रतिशत ।

सामाजिक सुरक्षा कोषमा सूचीकरण भई सामाजिक सुरक्षा कोषमा उल्लिखित योगदान रकम जम्मा गर्न शुरु गरे पछि श्रम ऐन, २०७४ को परिच्छेद-१० बमोजिमको सञ्चय कोष, उपदान र औषधि उपचार बीमा बापत थप रकम जम्मा गर्नु पर्ने छैन ।

आज्ञाले,
महेश प्रसाद दहाल
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३